# स्वतः प्रकाशन

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाई, लमजुङ (मनाङ)

## आ.व. २०८०/०८१


## सुचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) संग सम्वन्धित विवरण

सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) ले व्यवस्था गरेको निर्धारित विषयमा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, लमजुङ (मनाङ) को २०८० साल श्रावण ०१ गतेदेखि २०८० असोज मसान्त सम्मको सूचनाको अध्यावधिक विवरण देहाय अनसुार रहेको व्यहोरा सार्वजनिक गरिएको छ।

## १. निकायको स्वरुप र प्रकृति

२०७२ सालमा जारी भएको नेपालको संविधानले खाद्य सम्बन्धी हकलाई जनताको मौलिक हकका रुपमा स्थापित गरिसकेको साथै दिगो आत्मनिर्भर एवं व्यवसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० बर्षे रणनीति (ADS) (२०१५-२०३५) कार्यान्वयनमा रहेको परिप्रेच्क्षमा स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट कृषि बिकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रबिधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली र बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पुर्बाधारको व्यवस्था जस्ता क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना सहित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३/०९/२६ को निर्णयानुसार देशभर संचालन हुने गरि आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० बर्ष अवधिको लागि लागू भएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय कार्यान्वयन निकाय रहेको यस परियोजनाको परियोजना व्यवस्थापन एकाई खुमलटार, ललितपुर मातहत जिल्लास्तरमा कार्यान्वयन एकाईहरु रहेका छन्। यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई लमजुङ (मनाङ) कार्यालय लमजुङ र मनाङ जिल्लामा तोकिएको **(अलैंची, तरकारी, मौरी, स्याउ र आलु)** वाली/वस्तुको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालन गर्ने संघिय सरकारको एउटा निकाय हो। यसको संगठन संरचना देहाय बमोजिम रहेको छ।



## २. निकायको काम कर्तव्य र जिम्मेवारी

यस निकायको जिम्मेवारी मुख्यतया कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायीक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने रहेको छ। समग्र कृषि मुल्य श्रृङ्खलाका अवयवहरुको एकिकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरु सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउन यस परियोजना कार्यान्वयन एकाईको देहाय बमोजिमको कार्य विवरण रहेको छ।

- तोकिएको कृषि उपजहरुको विशिष्टीकृत क्षेत्रहरु निर्माण गर्ने
- कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषिलाई सम्मानजनक नाफामुखी व्यावसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने ।
- भूमिको वैज्ञानिक उपयोग
- आधुनिक कृषि प्रविधिहरुको अवलम्वन
- कृषिमा उपजहरुको प्रशोधन तथा वजारीकरण पूर्वाधारहरुको विकास
- कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण
- प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्वन
- गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि
- वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्वन

## ३. निकायमा कार्यरत कर्मचारीको विवरण

| क्र.सं. | स्वीकृत पद/श्रेणी | स्वीकृत दरबन्दी संख्या | पदपूर्ती | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत, रा.प. द्धि.प्रा. | १ | १ | ० | स्थायी |
| २ | कृषि अधिकृत, रा.प.तृ.प्रा. | २ | २ | ० | स्थायी/करार |
| ३ | नायव प्राविधिक सहायक | ६ | ६ | ० | करार |
| ४ | लेखापाल | १ | ० | १ | को.ले.नि.का |
| ५ | नायव सुव्वा रा.प.अनं.प्र. | १ | ० | १ | स्थायी |
| ६ | ह.स.चा. | १ | १ | ० | करार |
| ७ | कार्यालय सहयोगी | ३ | ३ | ० | करार |
| **जम्मा** | | **१५** | **१३** | **२** | |

## ४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

क) जोन प्राविधिक इकाई मनाङः कृषि अधिकृत

ख) जोन प्राविधिक शाखा लमजुङः कृषि अधिकृत

ग) आर्थिक प्रशासन फांटः नायव सुब्बा

## ५. सेवा प्रदान गर्दा लाग्ने दस्तुर र कार्यालयले संचालन गर्ने क्रियाकलापहरुमा उपलब्ध हुने सुविधाहरु

क) निवेदनमा रु १०/- बराबरको हुलाक टिकट टांस गर्नुपर्ने।

ख) तोकिएको जोनमा संचालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्था बाहेक बढीमा देहाय अनुसार उपलब्धीमा आधारित सहजीकरण (Smart Output Based Facilitation) सेवा उपलब्ध गराइने छ।

| सि.नं. | विवरण | सुविधा (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (वीउ, वेर्ना, विरुवा, माछा भुरा पशु नश्ल लगायत) | बढिमा ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | बढिमा ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | बढिमा ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | बढिमा ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | बढिमा ८५ प्रतिशत |
| नोटः १) केही अत्यावश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापनका लागि निर्देशक समितिको निर्णायानुसार सहजीकरणका विषयहरु थप हुन सक्नेछन् । | | |

## ६. निर्णय प्रक्रिया

कार्यालयको स्टाफ बैठक तथा स्विकृत ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डहरुमा उल्लेखित व्यवस्थाका आधारमा


## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी


कार्यालय प्रमुखः वरिष्ठ कृषि अधिकृत श्री अजय अधिकारी


## ८. सम्पादन गरेको कार्यको विवरण

### (क) योजना तथा कार्यक्रम तर्फ

कार्यालयले मिति २०८०/०५/३१ गते र मिति २०८०/०६/०४ गते लमजुङ दर्पण पत्रिकामा चालु आ.व. २०८०/०८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार लमजुङ र मनाङ जिल्लाको कृषक संस्थाहरुलाइ लाभान्वित हुने अनुदान सम्वन्धि कार्यक्रमहरुको वारे प्रस्ताव आह्वानको सुचना प्रकाशन गरेको थियो। उक्त कार्यक्रमहरुमा प्रस्ताव पेश गर्ने अन्तिम समय अवधि मिति २०८०/०६/३० गते सम्म तोकिएको छ। उक्त सुचनाहरु र प्रस्तावना फारमहरु सम्वन्धित कृषक संस्थाहरुको सहयोगका लागि कार्यालयबाट र कार्यालयको वेवसाइट piulamjung.pmamp.gov.np बाट डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको छ।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, लमजुङ (मनाङ)


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, लमजुङ (मनाङ)


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, लमजुङ (मनाङ)

## चालु आ.व. २०८०/०८१ मा संचालन गरिने अनुदानका कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम शिर्षक | लक्ष्य परिमाण (संख्या/पटक/हे.) | विनियोजित वजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | जोन संचालित बालि/वस्तुको क्षेत्र विस्तार कार्यक्रम | ३ | १५.० | लमजुङ र मनाङ जिल्ला |
| २ | जोन संचालित बालि/वस्तुका लागि प्राङ्गारीक मल, जैविक मल तथा जाइम लगायत सामाग्रीहरुमा सहयोग | २ | १०.० | लमजुङ र मनाङ जिल्ला |
| ३ | जोन संचालित बालि/वस्तुको ग्रेडिङ, प्याकेजिङ, बजारिकरण तथा ढुवानीमा सहयोग | ३ | ६.० | लमजुङ र मनाङ जिल्ला |
| ४ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | २ | ३४.० | लमजुङ र मनाङ जिल्ला |
| ५ | सिंचाइ संरचना निर्माण तथा मर्मत संभार | १५ | ४५.० | लमजुङ र मनाङ जिल्ला |
| ६ | साना तथा मझौला सिंचाई सहयोग (मर्मत समेत) | २० | ४०.० | लमजुङ र मनाङ जिल्ला |
| ७ | चक्लावन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि सहयोग | ३ | ३०.० | लमजुङ र मनाङ जिल्ला |
| ८ | सहभागितात्मक कृषि प्रविधि सिकाई तथा प्रदर्शनी केन्द्र | ४ | १६.० | लमजुङ र मनाङ जिल्ला |
| ९ | कृषि वजार भण्डारण पुर्वाधार वा प्राथामिक प्रशोधन तथा प्रशोधन उद्योग स्थापना | ३ | ३०.० | लमजुङ र मनाङ जिल्ला |
| १० | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायीक उत्पादन कार्यक्रम संचालन अनुदान | १ | ६.० | लमजुङ र मनाङ जिल्ला |
| ११ | पोष्ट हार्भेष्ट क्षति न्युनिकरण कार्यक्रम (ड्रायर/प्याकेजिङ/ डिजिटल कांटा) | २ | १३.० | अलैंची जोन लमजुङ |
| १२ | विगतमा वितरण भएका भट्टीहरुको सुदृढिकरण | २ | ९.२० | अलैंची जोन लमजुङ |
| १३ | पुरानो वगैंचा व्यवस्थापन अभियान | २.५ | ५.० | अलैंची जोन लमजुङ |

| | | | | |
|---|---|---|---|---|
| १४ | तरकारी नर्सरी हटवेड तथा सामाग्रीहरुमा सहयोग | २ | ५.० | तरकारी जोन लमजुङ |
| १५ | तरकारी स्थायी टनेल घर निर्माण तथा पुरानो टनेलको मर्मत संभार कार्यक्रम | २ | ३६.० | तरकारी जोन लमजुङ |
| १६ | विगतमा निर्मित मह प्रशोधन केन्द्रको सुदृढिकरण सहयोग | १ | ७.९६ | मौरी जोन लमजुङ |
| १७ | व्यवसायिक मौरी फर्म तथा उद्योगहरुका लागि मह तथा मौरी सामाग्री संकलन कक्ष निर्माणमा सहयोग | २ | ८.० | मौरी जोन लमजुङ |
| १८ | मौरी चरन क्षेत्र स्थापना व्यवस्थापन विस्तार कार्यक्रम | २ | ८.० | मौरी जोन लमजुङ |
| १९ | मौरी घार तथा गोलामा अनुदान | २ | ३६.० | मौरी जोन लमजुङ |
| २० | मौरी सामाग्री तथा वजारीकरण सहयोग | २ | १२.६४ | मौरी जोन लमजुङ |
| २१ | विउ आलु आत्मनिर्भर कार्यक्रम | १ | ५.० | आलु जोन मनाङ |
| २२ | बगैंचा काँटछाट तथा व्यवस्थापन | २ | ९.० | स्याउ जोन मनाङ |
| २३ | स्याउको लागि ट्रेलिसिङ सहयोग | २ | १६.० | स्याउ जोन मनाङ |
| २४ | पोष्ट हार्भेष्ट सेन्टर स्थापना सहयोग | १ | १०.० | स्याउ जोन मनाङ |

### (ख) विशेषज्ञ सेवा तर्फ

यस निकायबाट प्रदान गरिने विशेषज्ञ सेवा देहाय बमोजिम रहेका छन्।

१. प्रयोगशाला सेवा

- माटोको नमुना परिक्षण
- वाली उपचार शिविर
- विउविजन परिक्षण

२. समस्या समाधानका लागि प्राविधिक सल्लाह सुझाव

३. अन्तरनिकाय समन्वय तथा क्षमता अभिवृद्धि

## ९. सुचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

**सुचना अधिकारीः** श्री हरि वहादुर मिजार, कृषि अधिकृत

**कार्यालय प्रमुखः** श्री अजय अधिकारी, वरिष्ठ कृषि अधिकृत

## १०. सम्वन्धित ऐन, नियम, कार्यविधि र मापदण्डहरु

परियोजना संचालनको मुख्य दस्तावेजः परियोजना कार्यान्वयन म्यानुल-२०७७

## ११. वजेट तथा खर्च सम्वन्धि विवरण

| वित्तिय प्रगति विवरण | | | | |
|---|---|---|---|---|
| कार्यक्रम/क्रियाकलापहरु | वार्षिक विनियोजन रु हजारमा | पहिलो त्रैमासिक विनियोजन रु हजारमा | पहिलो त्रैमासिक खर्च रु हजारमा | खर्च प्रतिशत |
| पूँजीगत तर्फ | ८८५० | ५० | ० | ० |
| चालू तर्फ | ५०६४६ | ४६५६ | २९९५ | ६४.३२ |
| **जम्मा** | **५९४९६** | **४७०६** | **२९९५** | **६३.६४** |

## १२. अन्य विवरण

- सुचनापाटी/वेवसाइट/इमेल लगायतबाट नियमित सुचना प्रकाशन तथा प्रसार गर्ने गरिएको
- उजुरी पेटिकाको व्यवस्था
- नागरिक वडापत्रको व्यवस्था
- वेवसाइटः piulamjung.pmamp.gov.np
- इमेलः pmamp.piu.lamjung@gmail.com
- फोन नं.: ०६६-५२१३८०